आकाशवामी समाचार - नेपाली
मतिः 05 दिसम्बर 2024
समयः 18.60 - 19.00 बजे (अवधीः 10 मनट)

मुख्य समाचारः

1. भारतीय जनता पार्टीका नेता देवेन्द्र फडणवीसले महाराष्ट्रको मुख्यमन्त्रीको शपथ ग्रहण गर्नुभएको छ ।

2. साहित्य अकादमी द्वारा आयोजित पुस्तकायन नामक पुस्तक मेलाको तेस्रो संस्करण भो ल दे ख शुरु हुदैछ ।

3. बंगलादेशमा हिन्दु -बौद्ध र अन्य अल्पसंख्यकहरू वरूद्ध भइरहेको लगातार हिंसा, हत्या, लुटपात, बलात्कार र अबैध गरफ्तारीहरूको वरोधमा दार्जि लङमा 7 दिसम्बरको दिन वरोध प्रदर्शन गरिने छ।

4. दार्जी लङ जिल्ला अस्पतालमा 5 दिसम्बरदे ख आईसीयू बेड संख्या 16 वटा भएको छ ।

5. प्राथ मक शक्षक भर्ती घोटाला सत सम्बन्धित मा मलामा प्रवर्तन निदेशालय (ईडी)- ले आफ्नो पाँचौ सप्लीमेन्टरी चार्ज शट दर्ता गरेको छ।

6. महिलाहरूको सुरक्षालाई ध्यानमा राखेर कालेबुंगको गोर्खा हिल कराते एन्ड कक बक्सिङ एसो सएसनले महिलाहरूलाई निःशुल्क आत्मा रक्षा प्र शक्षण दिने भएको छ।

महाराष्ट्र- मुख्यमन्त्री उप-मुख्यमन्त्री शपथ

भारतीय जनता पार्टीका नेता देवेन्द्र फडणवीसले महाराष्ट्रको मुख्यमन्त्रीको शपथ ग्रहण गर्नुभएको छ । उहाँ संगै शवसेनाका एकनाथ शन्दे र राष्ट्रवादी कांग्रेस पार्टीका अजित पवारले उप मुख्यमन्त्रीपदको शपथ लनुभएको छ । हालै सम्पन्न महाराष्ट्र वधानसभा चुनावमा भाजपा–शवसेना-राकांपा गठबन्धनले २८८ मध्ये २३० सट जितेको थयो । मुम्बईको आजाद मैदानमा आज साझ आयोजित भव्य शपथ ग्रहण समारोहमा महाराष्ट्रका राज्यपाल सीपी राधाकृष्णनले मुख्यमन्त्री र दुई उपमुख्यमन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ दिलाउनु भयो । समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, वरिष्ठ केन्द्रीय मन्त्रीहरू, राज्यपालहरू, एनडीए शा सत राज्यहरूका मुख्यमन्त्रीहरू, पार्टी अ धकारीहरू र महायुतिका नेताहरू उपस्थित थए।

XXXXXXXXXX

भूटान नरेश-नरेन्द्र मोदी भेट

प्रधानमन्त्री नरेन्द्र मोदीसँग भुटानका राजा जिग्मे खेसर नामग्याल वाङचुक र महारानी जेटसन पेमा वाङचुकले आज नयाँदिल्लीमा शिष्टाचार भेट गर्नुभयो । श्री मोदीले भुटानको प्रगति र क्षेत्रीय विकासका लागि राजाको प्रतिबद्धताको सराहना गर्नुभयो। प्रधानमन्त्री श्री मोदीले दुवै देश आफ्नो अद्वितीय र स्थायी साझेदारीका लागि प्रतिबद्ध रहेको बताउनु भएको छ । भुटानका राजा जिग्मे खेसर नामग्याल वाङचुक र महारानी जेटसन पेमा वाङचुक दुईदिवशीय भ्रमणमा आज नयाँदिल्ली आइपुग्नुभएको छ ।

xxxxxx

लोकसभा -भारतीय जनता पार्टी - कांग्रेस -आरोप

भारतीय जनता पार्टीका सांसद निशिकान्त दुबेले शीर्ष कांग्रेस नेताहरुमाथि आरोप लगाएपछि लोकसभाको बैठक दिउँसो २ बजेसम्मका लागि स्थगित गरिएको थियो । शून्यकालमा श्री दुबेले फ्रान्सको एक प्रकाशनको रिपोर्टको हवाला दिँदै यस्ता शक्तिले भारतीय संसद र देशको अर्थब्यवस्थालाई बिथोल्ने प्रयास गरिरहेको बताउनुभएको थियो । राहुल गान्धी, प्रियंका गान्धी लगायतका धेरै विपक्षी नेताहरुले आफ्नो सामाजिक सञ्जालमा यस्ता समाचारहरू साझा गर्ने गरेको उहाँले आरोप लगाउनु भयो । कंग्रेस, डीएमके र अन्य दलका सदस्यहरूले एक प्रमुख व्यापारिक समूह विरुद्ध घूसखोरीको आरोप र सम्भल हिंसालाई लिएर सदनमा हंगामा मच्चाएका थिए। हंगामा जारी रहेपछि अध्यक्षले दिउँसो २ बजेसम्मका लागि बैठक स्थगित गरेका थिए ।

xxxxxxxxx

बंगलादेश हिंसा – दार्जिलिङ विरोध प्रदर्शन

बंगलादेशमा हिन्दु -बौद्ध र अन्य अल्पसंख्यकहरू विरूद्ध भइरहेको लगातार हिंसा, हत्या, लुटपात, बलात्कार र अबैध गिरफ्तारीहरूको विरोधमा दार्जिलिङमा 7 दिसम्बरको दिन विरोध प्रदर्शन गरिने छ। सनातन संस्कृति समितिले यस विरोध प्रदर्शनको नेतृत्व गर्नेछ, जसमा दार्जिलिङ, मिरिक तथा खरसाङ महकुमाका मानिसहरूले सहभागिता जनाउने संयोजक परमेश्वर कृष्ण दासले बताउनुभएको छ । यस विरोध प्रदर्शनमा यस क्षेत्रका विभिन्न धार्मिक तथा सामाजिक संस्थाहरूको सहभागिता रहने पनि संयोजकले बताएका छन्। इस्कनका सन्त चिन्मय कृष्ण दास तथा अन्य साधु सन्त र अल्पसंख्यक समूदायका अगुवाहरूलाई डा युनुसको नेतृत्वमा रहेको बंगलादेश सरकारले इस्लामिक कट्टरवादी, जेहादीहरूको दबावमा पक्राउ गरेको छ। वर्तमान बंगलादेशको सरकारले जेहादीहरू सित मिलेर हिन्दुहरूको नरसंहार गरी रहेकोले विश्वव्यापी आक्रोस बढ्दै गएको छ। इस्कनका सन्त चिन्मय कृष्ण दासको जमानतका लागि न्यायालय जाने विकलमाथि प्राणघातक हमला भएको छ। हिन्दु - सन्त, नेताहरूमा कैयनको बैंक खाता फ्रिज गरिएको छ।

xxxxxxxx

साहित्य अकादमी पुस्तकायन मेला

साहित्य अकादमी द्वारा आयोजित पुस्तकायन नामक पुस्तक मेलाको तेस्रो संस्करण भो ल दे ख शुरु हुदैछ । मेला अव ध भरि साहित्यिक तथा सांस्कृतिक कार्यक्रमहरु आयोजना गरिनेछ । कार्यक्रम राजधानीको रवीन्द्र भवन परिसरमा हुनेछ । पुस्तक मेलाको उद्घाटन प्रख्यात अङ्ग्रेजी लेखक तथा पूर्व राजनयिक नवतेज सरनाले गर्नुहुनेछ । मेलामा ४० भन्दा अ धक प्रकाशकहरुले भाग लनेछन् । पुस्तक प्रेमीका ला ग हरेक दिन बिहान ११ बजेदे ख बेलुकी ८ बजेसम्म प्रवेश खुला रहनेछ । पुस्तक मेला १५ दिसम्बरसम्म चल्नेछ ।

xxxxxxxxxxxxx

सनातन सांस्कृति स मति - सलगडी

सनातन सांस्कृति स मतिद्वारा सलगढीको कावाखाली मैदानमा 15 दिसम्बरको दिन लाखौँ कण्ठदास द्वारा गीता पाठ कार्यक्रम आयोजना गरिने भएको छ। यसमा कलस यात्राको साथ महानन्द नदीबाट जल लएर गंगाजल द्वारा भु म पूजन सन्तहरू द्वारा गरिने छ। यस कार्यक्रमलाई बुक अफ रेकर्डमा दर्ता गराउनु आफूहरूको उद्देश्य रहेको आयोजक स मतिले बताएको छ। कार्यक्रममा समस्त जीटीए क्षेत्रबाट पनि लाखौँ भक्तजनहरूको उपस्थिति रहने ईस्कनका ब्रम्हाचारी परमेश्वर कृष्ण दासले जानकारी दिनु भएको छ।

xxxxxxxxx

कालेबुंग -दाह संस्कार स्थल समस्या

कालेबुङ लगायत संलग्न क्षेत्रका वा सन्दाहरूले भोग्दै आएको दाह संस्कार स्थलको समस्या अस्थायी रूपमा भए पनि समाधान भएको छ। लाबरबोटेको राजमार्ग-10 बाट टिस्टा नदीसम्म जाने सडक खनन् कार्य सम्पन्न भएपछि अस्थायी रूपमा दाहसंस्कार समस्या समाधान भएको हो। उल्लेखनीय छ, कालेबुङको मल्ली अन्तर्गत लाबर बोटेमा रहेको हिन्दूहरूको दाहसंस्कार स्थल गत वर्ष 4 अक्टोबरको टिस्टा बाढीले बगाएपछि कालेबुङ लगायत संलग्न क्षेत्रका बा सन्दाहरूलाई दाहसंस्कार गर्न समस्या भइरहेको थयो। यस समस्यालाई सम्बोधन गर्दै हालै कालेबुङ जिल्लापाल र डीएफओको अनुमतिमा 33 नम्बर समष्टिकी कार्यकारी सभासद्को नेतृत्वमा लाबर बोटेको हाइवे-10 बाट टिस्टा नदीसम्म जाने सडक खनन् कार्य सम्पन्न गरिएको छ।यस सडक निर्माणपछि अस्थायी रूपमा दाहसंस्कार गर्ने समस्या समाधान भएको छ। यसको साथै, लाबर बोटेमा स्थायी रूपमा दाहसंस्कार स्थल निर्माण गर्नका ला ग जीटीए प्रमुख कार्यपाल अनित थापा र कालेबुङका वधायक रूदेन सादा लेप्चाको ध्यानाकर्षण गराइएको कार्यकारी सभासद् सनोरा नाम्चुले जानकारी दिनुभएको छ ।

xxxxxxxxxx

दार्जी लङ जिल्ला अस्पताल

दार्जी लङ जिल्ला अस्पतालमा 5 दिसम्बरदे ख आईसीयू बेड संख्या 16 वटा भएको छ । जसले यस अस्पतालमा उपचारको ला ग भर्ना भएका बिरामीहरूलाई धेरै सु वधा पुग्ने भएको छ। हालसम्म यस अस्पतालमा केवल 8 वटा मात्रै आईसीयू बेड थए, जो आजदे ख दोब्बर भएको छ। यसैबीच, जिल्ला अस्पतालका प्रभारी राजेश चौहानले यस अस्पतालमा चाँड़ै अझै 8 वटा आईसीयू बेड थपेर मोठ 24 वटा आईसीयू बेड बनाउने योजना बनाएको जानकारी दिनुभएको छ ।

xxxxxxxxxxxxx

प्राथ मक शक्षक भर्ती घोटाला

प्राथ मक शक्षक भर्ती घोटाला सत सम्बन्धित मा मलामा प्रवर्तन निदेशालय (ईडी)- ले आफ्नो पाँचौ सप्लीमेन्टरी चार्ज शट दर्ता गरेको छ। यसमा तृणमूल कंग्रेसका राष्ट्रिय महास चव अ भषेक ब्यनर्जीको कम्पनी लप्स एण्ड बाउण्ड्सको नामलाई सबैभन्दा पहिला दर्ता गरिएको छ। यस अतिरिक्त पश्चिम बंगालका पूर्व शक्षामन्त्री पार्थ च्यटर्जीका निकटवर्ती आफन्त अनि उनका कम्पनीहरूको नाम पनि यस चार्जशीटमा सामेल गरिएको छ।

ईडीले गत शनिवार न्यायालयमा यो चार्ज शट पेश गरेको थयो जसमा मोठ 29 नयाँ नाम सामेल गरिएको छ। यसपूर्व चौथो सप्ली ेन्टरी चार्जशीटमा 25 जनाक नाम उल्लेख गरिएको थयो। चार्जशीटमा लप्स एण्ड बाउण्ड्सको उल्लेख सबैभन्दा मा थ छ। यो कम्पनी कोलकाताको न्यू अ लपुरमा अवस्थित छ।

xxxxxxxxx

पश्चिम बङ्गाल -स्कुल नोकरी घोटाला

पश्चिम बंगालको च र्चत स्कूल नोकरी घोटालामा प्रवर्तन निदेशालय (ईडी)- लाई ठूलो प्रमाण हात लागेको छ। जाँच एजेन्सीले खुलासा गरेको छ,यस मा मलामा अवैध रूपमा अर्जित धनलाई पूर्व शक्षा मन्त्री पार्थ च्यटर्जीकी दिवंगत पत्नीको नाममा स्था पत एक ट्रस्टको माध्यमबाट डायभर्ट गरियो। यस ट्रस्टको नाम हो 'बबली च्यटर्जी मेमोरियल ट्रस्ट' जसलाई ईडीले हालैमा दर्ता पाँचौं पूरक आरोप पत्रमा सामेल गरेको छ।

ईडीले यस नयाँ आरोप पत्रमा पार्थ च्यटर्जीका ज्वाइँ कल्याणमय भट्टचार्यको पनि नाम लएको छ। ईडीको आरोप पत्रमा 29 जना नयाँ व्यक्ति तथा कर्पोरेट संस्थाहरूको नाम सामेल गरिएको छ। यीमध्ये एक रियल एस्टेट कम्पनी, प्राइभेट शक्षा क्षेत्र सत सम्बन्धित एउटा कम्पनी अनि साइकल निर्माण कम्पनी पनि सामेल छन्। साथै 'एस. बसु राय एण्ड कम्पनी' जसले स्कूल नोकरीको ला ग ल खत परीक्षाहरूको ओएमआर शीटको आपूर्ति गर्दथ्यो,- लाई पनि सूचीबद्ध गरिएको छ।

xxxxxxxx

हावड़ा ब्रिज- परीक्षण

ऐतिहा सक हावड़ा ब्रिज (रवीन्द्र सेतु)- को परीक्षण गर्नको ला ग ब्रिटेनको मूल डजाइनिंग कम्पनी रेंडल ल मटेडका वशेषज्ञ कोलकाता आइपुगेका छन्। यस परीक्षणको उद्देश्य यस प्रतिष्ठित पुलको दीर्घका लक स्थायित्व अनि सुरक्षा सुनिश्चित गर्नु रहेको छ ।श्यामा प्रसाद मुखर्जी पोर्ट जो वश्वकै छैटौं सबैभन्दा लामो क्यान्टिलीभर पुल हावड़ा ब्रिजको संरक्षक हो- जसले गत 16 नोभेम्बरको राती यसलाई परीक्षणको ला ग बन्द गरिदिएको थयो। यो परीक्षण चार दशकमा पहिलो पटक भइरहेको छ। यसपा ल रेल मन्त्रालयको परामर्श कम्पनी आरआईटीईएसलाई यो जिम्मेवारी सुम्पिइएको छ । हावड़ा ब्रिजको अन्तिम पटक परीक्षण वर्ष 1983-1988 बीचमा गरिएको थयो ।

xxxxxxxxxx

बंगलादेश हिन्दु वरूद्ध हिंसा

कोलकाताको धरमतला स्थित रानी रासमनी एभेन्युमा बंगलादेशमा हिन्दु वरूद्ध भइरहेको हिंसा र अत्याचारको वरोधमा हिन्दु संगठनहरूले आज एउटा वशाल प्रदर्शन गरे। यस वरोध प्रदर्शनलाई सम्बो धत गर्दै भाजपा वधायक तथा वधान सभामा वपक्षी नेता सुभेन्दु अ धकारीले बंगलादेशलाई भारतबाट गरिने निर्यातलाई तत्काल बन्द गर्नुपर्ने आह्वान गर्नु भएको छ। उहाँले भन्नु भयो – बंगलादेशको निर्यातलाई केवल सात दिनका ला ग भारतले बन्द गरिदियो भने आतङ्की जेहादीहरूलाई समर्थन गर्ने डा युनुसको छाला समेत बंगलादेशी मुसलमानहरूले काड्ने छन्। बंगलादेशका जेहादीहरू भोकमारीको मुखमा पर्ने छन्। भो ल 6 दिसम्बर सौर्य दिवसको अवसरमा कोलकतामा वशाल प्रदर्शन गरिने उहाँले भन्नुभएको छ। उहाँले यो पनि भन्नुभयो पश्चिम बङ्गालमा आज ठुलो सङ्ख्यामा बंगलादेशी मुशलमानहरू प ससकेका छन्। वगतको कम्युनिष्ट सरकार र अहिलेको टीएमसी सरकारले बंगालदेशी मुसलमानहरूलाई मद्दत गरिरहेका उहाँले गम्भिर आरोप पनि लगाउनु भयो।

xxxxxxxx